# लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रयमास - २०७८ पुस मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा

## आर्थिक वर्ष २०७८/७९

## दोस्रो त्रयमास - २०७८ पुस


## नेपाल राष्ट्र बैंक

## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

# <u>लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति</u>

## १.१ पहुँच


**लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा मर्जर तथा एक्विजिसनका कारण घट्दो क्रममा रहेतापनि शाखा विस्तारको क्रम भने जारी नै रहेको छ ।** २०७८ असार मसान्तसम्ममा ७० वटा लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०७८ पुस मसान्तसम्ममा उक्त संख्या घटेर ६७ कायम भएको छ । ६७ वटा लघुवित्त वित्तीय संस्थाहरु मध्ये ४ वटा थोककर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ६३ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असारको तुलनामा २०७८ पुस मसान्तमा ७.४४ प्रतिशतले वृद्धि भई ४ हजार ९ सय ६५ पुगेको छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या ११.४३ प्रतिशतले वृद्धि भई ४ लाख ४ हजार, सदस्य संख्या ८.२९ प्रतिशतले वृद्धि भई ५६ लाख २२ हजार, ऋणी संख्या ५.९७ प्रतिशतले वृद्धि भई ३१ लाख ७१ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा २३ हजार २ सय ८१ जना कर्मचारीहरु कार्यरत रहेका छन्, जुन २०७८ असारमसान्तको तुलनामा ११.५४ प्रतिशतले बढी हो (तालिका १.१)।

**तालिका १.१: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ८४ | ७६ | ७० | ६७ | -९.५२ | -४.२९ |
| कुल शाखा संख्या | ३,९४६ | ४,२१८ | ४,६२१ | ४,९६५ | ६.८९ | ७.४४ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | ३११ | ३३४ | ३६३ | ४०४ | ७.४० | ११.४३ |
| कुल समूह संख्या (हजारमा) | १,०४० | १,१२३ | १,१८३ | १,२९१ | ७.९८ | ९.०६ |
| कुल सदस्य संख्या (हजारमा) | ४,६८७ | ४,९२८ | ५,१९१ | ५,६२२ | ५.१४ | ८.२९ |
| कुल ऋणी संख्या (हजारमा) | २,७८३ | २,८५५ | २,९९२ | ३,१७१ | २.५९ | ५.९७ |
| कुल कर्मचारी संख्या | १९,०१७ | १९,७८८ | २०,८७२ | २३,२८१ | ४.०५ | ११.५४ |
| राष्ट्रिय स्तरका संस्था* | ४४ | ४८ | ४७ | ४७ | ९.०९ | ०.०० |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | २५ | १५ | ८ | ७ | -४०.०० | -१२.५० |
| प्रादेशिकस्तरका संस्था | १५ | १३ | १५ | १३ | | |


**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

**ग्राफ १.१: लघुवित्त संस्था र शाखा संख्या**




प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०७८ पुस मसान्तसम्ममा उक्त प्रदेशमा लघुवित्त वित्तीय संस्थाको ११३५ वटा शाखाहरु संचालनमा रहेका छन् । तत्पश्चात् लघुवित्त वित्तीय संस्थाको १०३१ शाखाहरु भएको मधेस प्रदेश दोस्रो स्थानमा रहेको छ । यसैगरी प्रदेश नं. १ मा लघुवित्त वित्तीय संस्थाको ८४९ शाखाहरु, बागमती प्रदेशमा ७२० शाखाहरु, गण्डकी प्रदेशमा ५६३, कर्णाली प्रदेशमा २२५ र सुदुर पश्चिम प्रदेशमा ४४२ शाखाहरु संचालनमा रहेका छन् ।

**ग्राफ १.२: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा संख्या**



## १.२ पुँजीकोष

**लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७८ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ । २०७८ पुस मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.२८ प्रतिशत र १२.४३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०७८ असार मसान्तको तुलनामा १६.५७ प्रतिशतले र जोखिम भारित सम्पति १५.६० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः ८.२६ प्रतिशत र २१.९५ प्रतिशतले बढेको थियो (तालिका १.२)।

**तालिका १.२: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/ १)*१०० | (४-३)/ (३)*१०० |
| चुक्ता पुँजी | २,१४९.५३ | २३२७.१३ | २,४७३.९८ | २,८८३.८५ | ८.२६ | १६.५७ |
| प्राथमिक पुँजी | ३,५११.७३ | ३९७९.६७ | ४,५७३.८५ | ५,१७१.७९ | १३.३३ | १३.०७ |
| पुँजी कोष | ३,८२०.५१ | ४३१७.७० | ४,९९६.३५ | ५,६९८.५३ | १३.०१ | १४.०५ |
| जोखिम भारित सम्पत्ति | २८,७२०.२८ | ३५०२५.६४ | ३९,६६९.८८ | ४५,८५९.२७ | २१.९५ | १५.६० |
| **प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **१२.२३** | **११.३६** | **११.५३** | **११.२८** | | |
| **पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **१३.३०** | **१२.३३** | **१२.५९** | **१२.४३** | | |

## १.३ वित्तीय स्रोत संकलन

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा वृद्बि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पूँजी र सापटी रहेको छ । २०७८ पुस मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ४५ अर्ब ७२ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०७८ असार मसान्तको तुलनामा १०.४९ प्रतिशतले बढेको छ, आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा वित्तीय स्रोत संकलनमा ६.८६ प्रतिशतले वृद्बि भएको थियो । २०७८ पुस मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ५.७६ गुणासम्म पुगेको छ (तालिका १.३)। लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका १.३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/ १)*१०० | (४-३)/ ३)*१०० |
| (क) निक्षेप | – | – | – | – | – | – |
| (ख) सापटी | ३,४३३.६२ | ३,६६९.२३ | ४,१३७.४२ | ४,५७१.५० | ६.८६ | १०.४९ |
| कुल वित्तीय स्रोत संकलन | ३,४३३.६२ | ३,६६९.२३ | ४,१३७.४२ | ४,५७१.५० | ६.८६ | १०.४९ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ६२४.०६ | ६७५.२५ | ७२०.३८ | ७९३.०६ | | |
| **वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)** | **५.५०** | **५.४३** | **५.७४** | **५.७६** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७८ पुस मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप तथा बचत संकलन रू. १ खर्ब ४६ अर्ब ७ करोड र सापटी रू. १ खर्ब ८९ अर्ब ८४ करोड गरी जम्मा रू. ३ खर्ब ३५ अर्ब ९० करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त निक्षेप संकलन र सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७७/७८ को दोस्रो त्रयमाससम्म क्रमशः १३.११ र ३०.९१ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश ११.९९ र १४.३८ प्रतिशतले बढेको छ । वित्त वजारमा बैंकहरुबाट प्राप्त हुने कर्जामा आएको संकुचनको कारण २०७८ पुस मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ७.९९ गुणासम्म पुगेको छ (तालिका १.४)।

**तालिका १.४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/ (१)*१०० | (४-३)/ (३)*१०० |
| (क) निक्षेप | १०,६१५.०२ | १२,००६.२२ | १३,०४२.५४ | १४,६०६.७४ | १३.११ | ११.९९ |
| (ख) सापटी | १०,७७५.६० | १४,१०६.२३ | १६,५९७.४९ | १८,९८३.७१ | ३०.९१ | १४.३८ |
| कुल वित्तीय स्रोत संकलन | २१,३९०.६२ | २६,११२.४५ | २९,६४०.०३ | ३३,५९०.४६ | २२.०७ | १३.३३ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | २,७८३.८३ | ३,०३१.२५ | ३,५४२.७१ | ४,२०१.६१ | | |
| **वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)** | **७.६८** | **८.६१** | **८.३७** | **७.९९** | | |

## १.४ कर्जा तथा सापटी

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा वृद्दि भएको छ भने निष्क्रिय कर्जाको अनुपातमा ह्रास आएको छ** । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७८ असारको तुलनामा १३.७९ प्रतिशतले वृद्दि भई २०७८ पुस मसान्तमा रू. ५४ अर्ब ८४ करोड पुगेको छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु. १८ करोड अर्थात ०.३४ प्रतिशत मात्र रहेको छ । २०७८ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ०.४४ प्रतिशत रहेको थियो भने २०७७ पुस मसान्तमा यस्तो अनुपात ०.५७ प्रतिशत मात्र रहेको थियो । समीक्षा अवधिमा सक्रिय कर्जा १३.९० प्रतिशतले बढेको छ भने निष्क्रिय कर्जा १२.०३ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सक्रिय कर्जा ७.०५ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा ५१.०४ प्रतिशतले बढेको थियो (तालिका १.५) ।

**तालिका १.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा )**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | ३,७७८.५९ | ४,०४४.९९ | ४,७९८.२२ | ५,४६५.४० | ७.०५ | १३.९० |
| निष्क्रिय कर्जा | १५.३२ | २३.१५ | २१.०० | १८.४८ | ५१.०४ | -१२.०३ |
| कुल कर्जा तथा सापट | ३,७९३.९१ | ४,०६८.१४ | ४,८१९.२२ | ५,४८३.८८ | ७.२३ | १३.७९ |
| **निष्क्रिय कर्जा अनुपात** | **०.४०** | **०.५७** | **०.४४** | **०.३४** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा वृद्दि भएको छ भने निष्क्रिय कर्जाको अनुपातमा ह्रास आएको छ** । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७८ असारको तुलनामा १८.४३ प्रतिशतले बढेर २०७८ पुस मसान्तमा रू. ३ खर्ब ७५ अर्ब ८४ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटमध्ये निष्क्रिय कर्जा रु. ११ अर्ब ४ करोड अर्थात २.९४ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात २.९७ प्रतिशत रहेको थियो भने २०७७ पुस मसान्तमा यस्तो अनुपात ४.२० प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर १७.०३ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर १८.४७ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा क्रमशः १२४.८८ र २२.८३ प्रतिशतले बढेको थियो (तालिका १.६) ।

**तालिका १.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१) *१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | २१,९५३.८९ | २६,९६५.७४ | ३०,७९३.२३ | ३६,४८०.५४ | २२.८३ | १८.४७ |
| निष्क्रिय कर्जा | ५२५.४२ | १,१८१.५६ | ९४२.९५ | १,१०३.५३ | १२४.८८ | १७.०३ |
| कुल कर्जा तथा सापट | २२,४७९.३१ | २८,१४७.३० | ३१,७३६.१८ | ३७,५८४.०७ | २५.२१ | १८.४३ |
| **निष्क्रिय कर्जा अनुपात** | **२.३४** | **४.२०** | **२.९७** | **२.९४** | | |

**लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले २०७८ पुस मसान्तमा प्रवाह गरेको कर्जा रकम रु. ४ खर्ब ३० अर्ब ६८ करोड मध्ये रु. १ खर्ब ९५ अर्ब ८१ करोड अर्थात ४५.४७ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७८ असार मसान्तमा कृषि क्षेत्रमा रु. १ खर्ब ६३ अर्ब ८६ करोड अर्थात ४४.८२ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.३९ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३१.२२ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १२.७३ प्रतिशत रहेको छ (तालिका १.७)।

**तालिका १.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| **कर्जा विवरण** | **२०७८ असार ( रु. करोडमा )** | **२०७८ असार ( प्रतिशत )** | **२०७८ पुस ( रु. करोडमा )** | **२०७८ पुस ( प्रतिशत )** |
|---|---|---|---|---|
| कृषि | १६,३८५.५५ | ४४.८२ | १९,५८१.०७ | ४५.४७ |
| घरेलु तथा लघु उद्योग | १,२१६.६९ | ३.३३ | १,४६०.६८ | ३.३९ |
| सेवा व्यवसाय | ११,४२१.२७ | ३१.२४ | १३,४४६.४९ | ३१.२२ |
| थोक कर्जा | ४,८१९.२२ | १३.१८ | ५,४८३.८८ | १२.७३ |
| अन्य | २,७१२.६७ | ७.४२ | ३,०९५.८३ | ७.१९ |
| **जम्मा** | **३६,५५५.४०** | **१००.००** | **४३,०६७.९४** | **१००.००** |

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था बढेको छ भने निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था घटेको छ ।** २०७८ पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा ११.२५ प्रतिशतले बढेर रू. १ अर्ब ८ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा १.७३ प्रतिशतले ह्रास भई रु. १८ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्था रकम ८.७९ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ३१.१० प्रतिशतले बढेको थियो (तालिका १.८)।

**तालिका १.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| **कर्जा विवरण** | **२०७७ असार (१)** | **२०७७ पुस (२)** | **२०७८ असार (३)** | **२०७८ पुस (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | **(२-१)/(१)*१००** | **(४-३)/(३)*१००** |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ५८.५९ | ६०.५२ | ७८.८३ | ९०.०६ | ३.३१ | १४.२४ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १४.४० | १८.८८ | १८.१४ | १७.८३ | ३१.१० | (१.७३) |
| कुल कर्जा नोक्सानी ब्यवस्था | ७२.९९ | ७९.४१ | ९६.९७ | १०७.८८ | ८.७९ | ११.२५ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.९२** | **१.९५** | **२.०१** | **१.९७** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा ७.५४ प्रतिशतले बढेर रू. १० अर्ब ५३ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा १०.४५ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ३८ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्था रकम ३०.९० प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ७९.८० प्रतिशतले बढेको थियो (तालिका १.९)।

### तालिका १.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ३८२.७५ | ३५०.५४ | ४९२.०४ | ५१४.९६ | (८.४१) | ४.६६ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ३०७.७८ | ५५३.३९ | ४८७.०२ | ५३७.९३ | ७९.८० | १०.४५ |
| कुल कर्जा नोक्सानी व्यवस्था | ६९०.५३ | ९०३.९३ | ९७९.०६ | १०५२.८९ | ३०.९० | ७.५४ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **३.०७** | **३.२१** | **३.०९** | **२.८०** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जाको अंश घटेको छ भने लघु व्यवसाय कर्जाको अंश बढेको छ ।** २०७८ पुस मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १८.०६ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७८ असार मसान्तमा १९.१२ प्रतिशत र २०७७ पुस मसान्तमा १७.३९ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७८ असारमा ७३.७६ प्रतिशत रहेकोमा २०७८ पुसमा ७४.६८ प्रतिशत पुगेको छ (तालिका १.१०)।

### तालिका १.१०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | ४,१६४.४३ | ४८९४.७१ | ६,०६७.८५ | ६,७८८.४६ | १७.५४ | ११.८८ |
| लघु व्यवसाय कर्जा | १७,०४२.७४ | २१३२२.२७ | २३,४०७.५७ | २८,०६८.९८ | २५.११ | १९.९१ |
| अन्य कर्जा | १,२७२.१४ | १९३०.३२ | २,२६०.७७ | २,७२६.६२ | ५१.७४ | २०.६१ |
| कुल कर्जा तथा सापट प्रदान | २२,४७९.३१ | २८१४७.३० | ३१,७३६.१८ | ३७,५८४.०७ | २५.२१ | १८.४३ |
| **धितो कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत)** | **१८.५३** | **१७.३९** | **१९.१२** | **१८.०६** | | |
| **लघु व्यवसाय कर्जा/ कुल कर्जा तथा सापट (प्रतिशत)** | **७५.८२** | **७५.७५** | **७३.७६** | **७४.६८** | | |
| अन्य कर्जा/कुल कर्जा तथा सापट(प्रतिशत) | **५.६६** | **६.८६** | **७.१२** | **७.२५** | | |

## १.५ लगानी

**लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा ह्रास आएको छ ।** २०७८ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. ९ अर्ब ९१ करोड पुगेको छ, जुन २०७८ असार मसान्तको तुलनामा ३२.६१ प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ७०.४० प्रतिशतले बढेको थियो । विशेषगरी मुद्धती निक्षेपमा लगानी रहेको रकम कर्जा प्रवाहका लागि प्रयोग भएको कारण समग्र लगानीमा ह्रास आएको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०७८ पुससम्म रु. ८ अर्व २७ करोड राखेका छन् जुन रकम २०७८ असार मसान्तको तुलनामा ३८.०१ प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम ६२.२१ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले समीक्षा अवधिमा मुद्धती निक्षेपमा गरेको लगानी र शेयर तथा डिबेन्चरमा गरेको लगानी घटेको देखिन्छ । (तालिका १.११)।

**तालिका १.११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सरकारी सुरक्षणपत्र | ४६.५६ | ६०.२९ | ५५.७३ | ७७.०३ | २९.४९ | ३८.२१ |
| शेयर तथा डिवेन्चर | २४.२१ | १३.२० | १३.२६ | ११.८४ | (४५.५०) | (१०.६७) |
| मुद्वती निक्षेप | ९४३.७६ | १५३०.९२ | १,३३४.७१ | ८२७.३८ | ६२.२१ | (३८.०१) |
| अन्य लगानी | ५.४१ | १३३.५५ | ६७.५५ | ७५.१७ | २,३७०.४३ | ११.२८ |
| **जम्मा लगानी** | **१,०१९.९४** | **१७३७.९५** | **१,४७१.२५** | **९९१.४२** | **७०.४०** | **(३२.६१)** |

## १.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

**लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै बढेको छ ।** २०७८ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ४ खर्ब ८८ अर्ब १७ करोड पुगेको छ । यो २०७८ असार मसान्तको तुलनामा १२.२९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति २०.४२ प्रतिशतले बढेको थियो । २०७८ पुस मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९३.९४ प्रतिशत रहेको छ जुन २०७८ असार मसान्तमा ९१.२५ प्रतिशत रहेको थियो । (तालिका १.१२)।

**तालिका १.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| कुल सम्पत्ति | ३१,७५१.८८ | ३८२३४.९० | ४३,४७३.६८ | ४८,८१७.०३ | २०.४२ | १२.२९ |
| जोखिम भारित सम्पत्ति | २८,७२०.२८ | ३५०२५.६४ | ३९,६६९.८८ | ४५,८५९.२७ | २१.९५ | १५.६० |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **९०.४५** | **९१.६१** | **९१.२५** | **९३.९४** | | |

## १.७ मुनाफा स्थिति

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासको तुलनामा वृद्धि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. २ अर्ब ३४ करोड र ब्याज खर्च रु. १ अर्ब २० करोड रहेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु.८२ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासको तुलनामा ४९.८१ प्रतिशतले बढी हो (तालिका १.१३) ।

**तालिका १.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ४५२.८९ | १७८.१५ | ३६१.५१ | २३३.६५ | (२०.१८) | ३१.१५ |
| ब्याज खर्च | २५२.५७ | ७४.३८ | १४७.३३ | ११९.८० | (४१.६७) | ६१.०६ |
| संचालन आम्दानी | २१०.८२ | १०९.१९ | २२४.२९ | १२१.४४ | ६.३९ | ११.२२ |
| खुद नाफा/नोक्सान | १०५.२६ | ५४.७३ | १०६.६९ | ८१.९९ | १.३६ | ४९.८१ |

**समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासको तुलनामा वृद्धि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को दोस्रो त्रयमाससम्ममा खुद मुनाफा रु. ४ अर्ब ६१ करोड रहेकोमा २७.७३ प्रतिशतले वृद्धि भई यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ५ अर्ब ८९ करोड पुगेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. २५ अर्ब ८२ करोड र ब्याज खर्च रु. १२ अर्ब रहेको छ (तालिका २.१४)। यस अवधिमा सञ्चालित ६३ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये २ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ३,६६३.७७ | १९०९.२७ | ४,१६८.८१ | २,५८१.९३ | १३.७८ | ३५.२३ |
| ब्याज खर्च | १,९३४.१६ | ७९३.६३ | १,६८०.६१ | १,१९९.५५ | (१३.११) | ५१.१५ |
| संचालन आम्दानी | २,१६३.३४ | १४६२.३५ | ३,१३८.९५ | १,७५६.२२ | ४५.१० | २०.१० |
| खूद नाफा/नोक्सान | ४२९.४६ | ४६१.४९ | १,०७५.९२ | ५८९.४४ | १५०.५३ | २७.७३ |

## १.८ तरलता स्थिति

**समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा ह्रास आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७८ पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा २०७८ असारको तुलनामा १३.६७ प्रतिशतले ह्रास भई रु. ३ अर्ब १८ करोड पुगेको छ ।

**तालिका १.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | ३.७६ | ५.२८ | ४.५४ | ६.३७ | ४०.५० | ४०.३५ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ८४.३८ | ८०.७५ | ९४.९३ | ९४.२५ | (४.३०) | (०.७२) |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ५१८.७० | १३३.१८ | २१२.५७ | १३९.८६ | (७४.३३) | (३४.२०) |
| सरकारी सुरक्षणपत्रमा लगानी | ४६.५६ | ६०.२९ | ५५.७३ | ७७.०३ | २९.४९ | ३८.२१ |
| **कुल तरल सम्पत्ति** | **६५३.३९** | **२७९.४९** | **३६७.७८** | **३१७.५२** | **(५७.२३)** | **(१३.६७)** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ३,०८९.९० | ३,३८९.६२ | ३,७२०.५० | ४,००२.६१ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १,१५०.९४ | १,१७१.१५ | १,२७४.२७ | १,१४७.१३ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२१.१५** | **८.२५** | **९.८९** | **७.९३** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१५.४१** | **६.१३** | **७.३६** | **६.१७** | | |
| वैधानिक तरलता अनुपात | **४.३१** | **४.२४** | **४.२५** | **४.३६** | | |
| अनिवार्य मौज्दात अनुपात | **२.७१** | **२.२५** | **२.४५** | **२.५४** | | |

२०७८ पुस मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ७.९३ प्रतिशत रहेको छ । २०७७ पुस र २०७८ असार मसान्तमा यस्तो अनुपात क्रमशः ८.२५ प्रतिशत र ९.८९ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ पुस महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.३६ प्रतिशत र २.५४ प्रतिशत रहेको छ (तालिका १.१५) । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ ।

**सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा ह्रास आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ पुस मसान्तमा तरल सम्पत्ति २०७८ असारको तुलनामा ३३.२८ प्रतिशतले ह्रास भई रु. १६ अर्ब ७९ करोड पुगेको छ । २०७८ असार मसान्तमा २७.९६ प्रतिशत रहेको

तरल सम्पत्ति/कुल निक्षेप अनुपात २०७८ पुस मसान्तमा भने १७.१५ प्रतिशत रहेको छ। समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात घटेको छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ पुस महिनाको अनिवार्य मौज्दात अनुपात ०.५८ प्रतिशत रहेको छ (तालिका २.१६)। सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने कुल ६५ वटा लघुवित्त वित्तीय संस्थाहरुमध्ये एउटा संस्थाको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भन्दा न्यून रहेको र अन्य ६४ वटा लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दर भित्रै रहेको छ।

**तालिका १.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ पुस (२) | २०७८ असार (३) | २०७८ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | ३४.१९ | ३५.८९ | ४७.५७ | ३४.४९ | ४.९७ | (२७.४९) |
| नेपाल राष्ट्र बैंक मौज्दात | ५५.११ | ६२.९० | ७१.४० | ७१.५८ | १४.१३ | ०.२५ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | २,३४१.८४ | १,९३४.१९ | २,३९७.८३ | १,५७३.१९ | (१७.४१) | (३४.३९) |
| सरकारी सुरक्षणपत्रमा लगानी | – | – | – | – | – | – |
| **कुल तरल सम्पत्ति** | २४३१.१४ | २०३२.९८२ | २,५१६.८० | १,६७९.२६ | (१६.३८) | (३३.२८) |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ७,३१४.०० | ७,९०३.७४ | ९,०००.३३ | ९,७९४.४३ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १३,३५६.५७ | १४,७८३.०३ | १९,०७१.६६ | २१,६४६.६० | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **३३.२४** | **२५.७२** | **२७.९६** | **१७.१५** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **११.७६** | **८.९६** | **८.९७** | **५.३४** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.७८** | **०.६७** | **०.५५** | **०.५८** | | |